स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बालेनको नयाँ गीत 'जय महाकाली' ले यतिबेला युट्युबमा धमाका मच्चाइरहेको छ। रिलिजको केही घण्टा र दिनमै यसले केही रेकर्ड रचेको छ। पहिलो- यो गीत २४ घण्टामा युट्युबमा सर्वाधिक पटक हेरिने नेपाली गीत बन्यो। २४ घण्टाभित्रै यसलाई ३७ लाख ४३ हजार ८१७ पटक हेरिएको छ। यसले दुर्गेश थापाको २४ घण्टामा १६ लाख ३६ हजार भ्यूजको रेकर्ड तोडेको थियो। बालेनको यो गीत छिटो ५० लाख भ्यूज पाउने पहिलो नेपाली गीतमध्ये एक बनेको छ।

**आजको विचार...**



कपिल लोहनी

इन्धनको...
*(दुई पेजमा)*

आगामी जेठ १ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'एक मुट्ठी बादल'को पहिलो गीत 'रेल घुम्यो घुम्तीमा' सार्वजनिक गारिएको छ। मीना पोखरेल र इन्द्रकला राईको स्वर रहेको गीतमा संगीत सुमित पाठकको छ भने शब्द हर्क साउदले लेखेका हुन्। फिल्मको प्रचारका लागि तयार पारिएको गीतको भिडियोमा आँचल शर्मा, निशा शर्मा, उषा रजक, सहयोग अधिकारी लगायतका कलाकारहरुलाई देख्न सकिन्छ। आँचल र उषाले आकर्षक नृत्य प्रस्तुत गरेका छन्।



वर्ष ३१ | अंक २४४ | २०८२ चैत १९ गते बिहीबार | 2 April 2026, Thursday | पृष्ठ संख्या ४ | मूल्य रू ५/-

# आजदेखि एसइई

# पालपामा यस वर्ष चार हजार ७ सय ९५ विद्यार्थी परीक्षामा सहभागी हुँदै

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत १८/यस वर्षको माध्यमिक शिक्षा परीक्षा अर्थात् एसइई परीक्षा आजदेखि एकैसाथ देशभर शुरु हुँदैछ । बिहान ८ बजेदेखि हुने परीक्षामा आज पहिलो दिन अंग्रेजी विषयको परीक्षा हुनेछ । परीक्षाका लागि पाल्पामा आवश्यक तयारी पुरा भएको शिक्षा विकास तथा समन्वय इकाईले जनाएको छ ।

यस वर्ष पाल्पाबाट ४ हजार ७ सय ९५ परीक्षार्थी परीक्षामा सहभागी हुन लागेको शिक्षा विकास तथा समन्वय ईकाइ पाल्पाका प्रमुख प्रेमराज खरेलले बताए । उनका अनुसार छात्र २ हजार २ सय ८३ र छात्रा २ हजार ५ सय १२ जना विद्यार्थी रहेका छन् । नियमिततर्फ ३ हजार ५ सय ६३ र ग्रेड बृद्धितर्फ एक हजार २ सय ३२ जना विद्यार्थी रहेको ईकाइ प्रमुख खरेलले बताए । जहाँ नियमित अन्तर्गत साधारणतर्फ ३ हजार ३ सय ३४ र प्राविधिकतर्फ २ सय १७ जना विद्यार्थीले परीक्षा दिदैं छन् । पाल्पामा वर्षेनी परीक्षा दिने विद्यार्थी घट्दै गएका छन् । अघिल्लो वर्षको तुलनामा यहाँ एक सय १५ कम विद्यार्थीले परीक्षा दिन लागेका शिक्षा विकास तथा समन्वय ईकाइ पालपाले जनाएको छ । गत वर्षको एसइईमा ४ हजार ९ सय १० जना विद्यार्थीले परीक्षाको लागि रजिष्ट्रेशन भरेका थिए । यो संख्या त्यो भन्दा अघिल्लो वर्षको तुलनामा बढी थियो । यहाँ २०७६ मा ५ हजार १८ जना विद्यार्थीले परीक्षा दिएकोमा २०७७ मा ४ हजार ८ सय ८४ , २०७८ मा ४ हजार ८२ , २०७९ मा ४ हजार ५ सय ५४ , २०८० मा ४ हजार १ सय ८४ र २०८१ मा ४ हजार ९ सय १० जना जना विद्यार्थीले एसइई दिएका थिए । यस वर्ष जिल्लामा सामुदायिक विद्यालयका ४ हजार २ सय ६२ र संस्थागत विद्यालयबाट ५ सय ३५ जना परीक्षार्थी परीक्षामा सहभागी हुन लागेका छन् । जहाँ सामुदायिकतर्फ एक हजार ९ सय ८६ छात्र र २ हजार २ सय ७७ छात्रा रहेका छन् । यस्तै संस्थागत विद्यालयतर्फ २ सय ९८ जना छात्र र २ सय ३५ जना छात्रा रहेका छन् । यस वर्ष परीक्षाको लागि २६ वटा केन्द्र निर्धारण गरिएको छ । उक्त केन्द्रका लागि २६ जना केन्द्राध्यक्ष, ४६ जना सहायक केन्द्राध्यक्ष, २ सय ४३ निरीक्षक, ५० जना परीक्षा सहायक, ५२ जना विद्यालय सहयोगी र ४ सय ३५ जना सुरक्षाकर्मी परिचालन गरिएको छ । जिल्लामा सबै भन्दा कम ९४ जना चन्द्र मावि चापपानी केन्द्र र सबै भन्दा बढी ३ सय १० दरैठाँटी मावि रामपुर केन्द्रबाट परीक्षार्थी सहभागी हुँदै छन् । यस वर्ष दमकडा मावि केन्द्रबाट एक जना दृष्टिविहीन विद्यार्थीले परीक्षा दिदैं छन् ।



**देशभरबाट पाँच लाख बढी विद्यार्थी**

चैत २९ गतेसम्म हुने एसइई परीक्षामा यस वर्ष पाल्पासहित देशैभरबाट पाँच लाख १२ हजार ४ सय २१ जना विद्यार्थी सहभागी हुन लागेको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ । जहाँ नियमिततर्फ चार लाख ४१ हजार ५६६ जनाले र ग्रेड वृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षा दिर्दै छन् ।

*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### क्रिमियामा सैन्य विमान दुर्घटना : २९ को मृत्यु

(रासस/एपी)

**मस्को,** चैत १८/रुसद्वारा कब्जा गरिएको क्रिमियन प्रायद्वीपमा एक रूसी सैन्य विमान दुर्घटनाग्रस्त हुँदा चालक दलसहित सबै २९ जनाको मृत्यु भएको छ । घटनाले सैन्य उडान सुरक्षामाथि गम्भीर प्रश्न उठाएको छ भने प्रारम्भिक रूपमा प्राविधिक खराबीलाई दुर्घटनाको कारण मानिएको छ । रूसी रक्षा मन्त्रालयलाई उद्धृत गर्दै सरकारी समाचार एजेन्सीहरूले जनाएअनुसार एएन-२६ सैन्य यातायात विमानमा छ जना चालक दल र २३ जना यात्रु सवार थिए । उनीहरूको दुर्घटनामा परेर ज्यान गएको हो । विमानले नियमित उडान गरिरहेका बेला मंगलबार साँझ करिब ६ बजेतिर सेनाले त्यससँग सम्पर्क गुमाएको थियो ।उक्त विमान क्रिमियन प्रायद्वीपमाथि निर्धारित मार्गमा उडिरहेको थियो । सन् २०१४ मा रुसले युक्रेनबाट यो क्षेत्र कब्जा गरेको थियो, जसलाई अन्तर्राष्ट्रिय समुदायले अवैध मानेको छ । दुर्घटनापछि उद्धार टोली परिचालन गरिए पनि घटनास्थलमै सबैको मृत्यु भएको पुष्टि भएको छ । समाचार एजेन्सी इन्टरफयाक्सका अनुसार रक्षा मन्त्रालयले प्रारम्भिक अनुसन्धानका आधारमा दुर्घटना प्राविधिक खराबीका कारण भएको जनाएको छ ।

## आज हनुमान जयन्ती मनाइँदै


**पाल्पा,** चैत १८/ आज विभिन्न कार्यक्रम आयोजना गरी हनुमान जयन्ती देशभर मनाइँदै छ । प्रत्येक वर्ष चैत शुक्ल पूर्णिमाका दिन मनाइने रामभक्त हनुमानको हनुमान मन्दिरमा विशेष पूजा आराधना गरि मनाउन लागिएको हो ।

चैत शुक्ल पूर्णिमाका दिन हनुमानको पूजा आराधना गरेमा बल, बुद्धि, विद्या मिल्ने, दु:ख र संकटबाट मुक्ति पाइने विश्वास छ । संस्कृत व्याकरणअनुसार 'हनु' धातुमा 'मतुप' प्रत्यय लागेर हनुमान शब्द बनेको छ । हनुको अर्थ चिउँडो हो । यो हन् धातुबाट बनेको छ । 'हन' धातुको अर्थ हिंसा अथवा गति भन्ने हुन्छ । अत: हनुमान शब्दको अर्थ वेगवान् गतियुक्त शक्ति भन्ने हुन्छ । हनुको अर्को अर्थ आज्ञापालक पनि भनिएको छ । त्यसैले पनि हनुमान भगवान् रामभक्त थिए भनिन्छ । भगवान् रामको जीवनमा भएका घटनाले हनुमानको व्यक्तित्वलाई सर्व प्रतिष्ठित 'देव' बनाइदियो । भय मनुष्यको मूलभूत प्रवृत्ति हो । दुष्ट आत्माको प्रकोपबाट बचाउने वाला शक्तिको नाम हनुमान हो । पहिले बाँदरको नाम स्मरण वा दर्शन अशुभ मानिन्थ्यो । हात्तीलाई शुभ मानिन्थ्यो । हनुमानलाई 'म'लमूरत' को रूपमा अथवा शंकट मोचकको रूपमा पूजा गर्न थालियो । त्यसकारण बच्चादेखि बूढासम्म सबैले भयबाट मुक्तिका लागि 'हनुमान चालिसा' को पाठ गर्ने परम्परा सुरु भयो । हनुमानलाई वायुका छोरा मानिन्छ । हनुमानले जुनसुकै रूप धारण गर्नसक्ने विश्वास गरिन्छ । शतरुद्र संहितामा एकादस रुद्रमध्ये एघारौं रूप हनुमानको मानिएको छ । रुद्रहरू हनुमान सम्प्रदायको विकास हुनुपूर्व नै अस्तित्वमा आइसकेका थिए । यसरी रामायणभन्दा पूर्व हनुमानको अस्तित्व रहेको शास्त्रीय मत छ । रामायण नै हनुमानका बारेमा जानकारी दिने सबैभन्दा आधिकारिक स्रोत हो । वैदिक शास्त्रीय ग्रन्थमा पनि विष्णु अवतारका रूपमा जन्म लिनुभएका रामचन्द्रलाई सहयोग गर्न शिव अवतारका रूपमा हनुमानले पनि जन्म लिएको वर्णन गरिएको छ ।

## गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा उडान विस्तारको तयारी

**भैरहवा (रुपन्देही),** चैत १८/गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउने लक्ष्यसहित उडान विस्तार र अन्तरराष्ट्रिय वायुसेवा कम्पनी आकर्षित गर्ने नयाँ रणनीति अघि सारिएको छ । विमानस्थल व्यवस्थापनले आगामी हिउँदे तालिकादेखि अन्तरराष्ट्रिय उडान संख्यामा उल्लेख्य वृद्धि गर्ने तयारी थालिएको जनाएको हो ।

विमानस्थलका महाप्रबन्धक श्यामकिशोर साहका अनुसार हाल सीमित रूपमा सञ्चालन भइरहेको अन्तर्राष्ट्रिय उडानलाई व्यवस्थित गर्दै नियमितता दिन विशेष पहल भइरहेको छ । "हामी गर्मीयामको तालिकादेखि उडान संख्या बढाउने लक्ष्यसहित



वायुसेवा कम्पनीहरूसँग समन्वय गरिरहेका छौं", उनले भने । हालसम्म थाई एयर एसियाको उडानमार्फत बौद्ध धर्मावलम्बीलाई लक्षित सेवा दिँदै आइएको थियो । पछिल्लो हिउँदे तालिकामा साताामा दुई दिन सञ्चालन गरिएको उक्त उडानलाई आगामी याममा थप विस्तार गर्ने तयारी भइरहेको विमानस्थल प्रशासनले जनाएको छ । लुम्बिनी-गयाजस्ता बौद्ध सर्किटलाई जोड्ने उडान विस्तारले धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ । विमानस्थलको प्रभावकारी उपयोगका लागि 'फिथ फ्रिडम' उडान अवधारणा अघि सारिएको विमानस्थलका महाप्रबन्धक साहले उल्लेख गरे । यस व्यवस्थाअनुसार विदेशी वायुसेवा कम्पनीले भैरहवालाई ट्रान्जिट विन्दु बनाउँदै तेस्रो मुलुकसम्म उडान सञ्चालन गर्न सक्नेछन् । उदाहरणका रूपमा कतार एयरवेजजस्ता वायुसेवाले दोहा-भैरहवा-तेस्रो देश र पुन: सोही मार्गमार्फत उडान सञ्चालन गर्न सक्ने सम्भावना रहेको उनले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## अटिजम जागरुकता दिवस र यसको सार्थकता

विश्व 'अटिजम' जागरुकता दिवस आज नेपालसहित विश्वभर विभिन्न सचेतनामूलक कार्यक्रम गरी मनाईंदै छ । संयुक्त राष्ट्रसङ्घको आह्वानमा सन् २००७ देखि यो दिवस मनाउन थालिएको हो । अटिजम भएका व्यक्तिको मानवअधिकार, मौलिक स्वतन्त्रताको उपभोग सुनिश्चित गर्न समाजका सबै वर्गले सघाउनुपर्ने मान्यताका साथ दिवस मनाउन थालिएको पाइन्छ ।

नेपालमा यो दिवस पहिलो पटक २००८ मा मनाइएको थियो । नोभेम्बर १, २००७ मा, संयुक्त राष्ट्र संघले प्रत्येक वर्ष एक दिनलाई विश्व अटिज्म दिवसको रूपमा घोषणा गर्न भनेको थियो । सोही अनुरुप डिसेम्बर १, २००७ मा संयुक्त राष्ट्र साधारण सभाले अप्रिल २ लाई विश्व अटिज्म जनचेतना दिवस भनेर तोकेको हो । मस्तिष्क र स्नायुकोषको स्वाभाविक विकासक्रममा हुने असमान अवस्थाको रूप अटिजम हो । यसलाई नेपालीमा आत्मकेन्द्रित व्यवहार भनिन्छ । व्यक्तिको मस्तिष्कमा स्नायुकोषको सञ्जालले राम्रोसँग काम नगर्दा सूचना प्रशोधनमा बाधा उत्पन्न हुन गई सामाजिक क्रियाकलाप, सञ्चारसिप र कल्पनाशक्तिको विकासमा असर पुग्छ । जसले गर्दा सञ्चारमा विचलन, सामाजिक रूपमा घुलमिल हुन नसक्ने, पुनरावृत्ति, एकोहोरोपन, इन्द्रियहरूको उतारचढावको फलस्वरूप वातावरण, व्यक्ति र वस्तुप्रति भिन्दै प्रतिक्रिया र व्यवहार देखाउँछन् । बौद्धिक अपाङ्गता वा अटिजम कुनै रोग होइन । मस्तिष्कको एक विशेष अवस्था मात्रै हो । जुन असामान्य र अस्वीकृत व्यवहारका रूपमा देखिन्छ । अटिजम हुनुका कारण र उपचारका क्षेत्रमा धेरै अनुसन्धान भइरहेका छन् । कारण र निर्मूल गर्ने उपाय अझै पत्ता लाग्न सकेको छैन । पछिल्लो समय नेपलसहित विश्वभर अटिजमको समस्या बढ्दो छ । नेपालमा अटिजमबाट गुज्रिरहेकाको यकिन तथ्यांक भने छैन । अटिजमको समस्याबाट गुज्रिरहेकाहरुको उपचार र नियन्त्रणका लागि त्यसको तथ्यांक राख्न आवश्यक छ । यो समस्या जति ढिलो थाहा हुन्छ उनीहरुको उपचारमा पनि झन् ढिलो हुनुको साथै अवस्था जटिल हुँदै जान्छ । यस कारण यो समस्या समयमा पहिचान गर्न सकियो भने जटिलता हुनबाट बचाउन सकिन्छ । यसर्थ समाजमा अटिजम समस्या भएका व्यक्तिहरुको पहिचान गरी उनीहरुलाई तत्काल उपचारमा संलग्न गराउन सकियो भने अटिजम जागरुकता दिवस मनाउनुले सार्थकता पाउन सक्छ ।

## Opinion @ Social Network

किताब पढाउने शिक्षक भन्दा किताब किनिदिने
मेरी आमाबाट मैले धेरै पाठ सिकेको छु !
*(सागर हमालको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Hamal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# इन्धनको अभाव र वैकल्पिक उर्जाको महत्व



**कपिल लोहनी**

*विद्युतीय सवारी साधनहरू पनि नीजि क्षेत्रकै अगुवाइमा मात्र आज यति लोकप्रिय भएका हुन् । त्यसैले पनि अब बन्ने सरकारले विद्युतीय सवारी साधन, जताततै चार्जिङ सुविधा, विद्युतीय घरायसी उपकरण र मल कारखाना तथा ठूला उद्योगमा पनि विद्युत कै उपयोग गरेर पेट्रोलियम पदार्थको आयातमा ह्वात्तै कमी ल्याउने काम गर्नु पर्दछ । नेपाल एक भूपरिवेष्ठित मुलुक भएकोले समुद्रसँग जोडिएका मुलुकलाई जस्तो वैदेशिक व्यापारमा त्यति सहजता हुँदैन ।*

आजको विश्वमा सबैभन्दा महत्वपूर्ण वस्तु भनेकै इन्धन र विविध प्रकारका उर्जाको स्रोत हुन पुगेका छन् । त्यसमाथि विश्वका विभिन्न ठाउँमा युद्ध चर्किंदा इन्धनको आपूर्ति बन्द भएर हाहाकार मच्चिने गरेको छ । हाल चलिरहेको युक्रेन र रुसको युद्धले गर्दा रुसबाट युरोपमा आपूर्ति हुने प्राकृतिक ग्यास र पेट्रोलियम पदार्थका विशाल पाइप लाइन अवरुद्ध हुन पुग्दा केही वर्षदेखि युरोपमा इन्धनको ठूलो अभाव हुन पुगेको छ । जाडोको मौसममा घर तथा कार्यालयहरू तताउन निकै गाह्रो परेको छ भने अन्य घरायसी तथा औद्योगिक र व्यावसायिक क्षेत्रमा पनि नकारात्मक असर पर्न गएको छ । तर अर्को तर्फ यस्ता अभावले सामान्य अवस्थामा पनि मितव्ययिता अपनाउन र वैकल्पिक सोचको विकास गर्ने सोच बनाउन मद्दत गर्दछन् । रुसले आफ्नो निर्यातमा महत्वपूर्ण योगदान दिने प्राकृतिक इन्धनलाई अब चीनतर्फ बिक्री गर्न थालेको छ। चीन आफैं पनि जैविक र वैकप्लिक उर्जा उत्पादनमा निकै अग्र स्थानमा रहे पनि उसको पश्चिमी र दक्षिणी विकट क्षेत्रमा इन्धनको आपूर्ति गर्न र सो क्षेत्रको आर्थिक विकासको निम्ति रुसबाट इन्धन आयात गर्दा निकै सहज र कम खर्चिलो हुन जान्छ । भारतले समेत रुसबाट पेट्रोलियम पदार्थको आयात बढाउँदै लगेको छ । चीन विश्वमा नै सबैभन्दा बढी प्राकृतिक इन्धन आयात गर्ने मुलुक पनि हो भने भारतले पनि अग्र स्थान ओगटेको छ । वास्तवमा चीन र भारत बीचको सम्बन्ध राम्रो हुँदै गएमा र चीनमा रुसबाट पाइप लाइन मार्फत् इन्धन आयात हुन सकेमा सो इन्धन भारतसम्म पनि पाइप लाइनबाट पुऱ्याउन सकिने हुन जान्छ । व्यापक आर्थिक वृद्धिले गर्दा इन्धनको माग दिनानुदिन बढिरहेको भारतको निम्ति आफ्नो अति घनिष्ट मित्रता रहेको रुसबाट चीन हुँदै त्यसरी इन्धन आपूर्ति हुन सकेमा निकै फाइदाजनक हुन जान्छ । यही बहानामा पनि चीन र भारतको सम्बन्ध सुमधुर हुन सक्ने सम्भावना प्रवल छ । यसो भएमा आआफ्ना औद्योगिक र कृषि उत्पादनको ठूलो अङ्श एकापसमा नै खरिद-विक्री गर्न सकिने विशाल बजारको निर्माण समेत हुन सक्नेछ । जैविक इन्धनको ठूलो भण्डार भएको भेनेजुएलालाई एकतर्फी हमलाबाट परास्त गरेर त्यहाँका राष्ट्रपतिलाई समेत बन्दी बनाउने अमेरिकाले विश्वमा आपूर्ति हुने अधिकांश इन्धनमा आफ्नो मुलुकको आधिपत्य हुनु पर्ने दर्शनका साथ हालका दिनमा आफ्नो विश्व रणनीतिलाई केन्द्रित गरिरहेको छ । क्यानाडा र ग्रीनल्याण्ड जस्ता तेल र विभिन्न प्रकारका महँगा खनिजका अति धनी मुलुकहरू माथि पनि अमेरिकी राष्ट्रपतिको दृष्टि पुगिरहेको छ । राष्ट्रपति ट्रम्पको नीति र सोचले कुन बेला कस्तो मोड पक्रने हो भन्ने कुराको भेउ पाउन निकै गाह्रो हुने भएकोले अमेरिकाका परम मित्र र नेटोका सदस्य राष्ट्र समेत ओझेलमा परिरहेको अवस्था छ । हालै अमेरिका र इजरायल मिलेर इरान तथा लेवनानमा गरेको बमबारीले युद्धको रूप लिए पछि खाडी मुलुकहरूमा ठूलो भूकम्प जान थालेको छ । इरान पनि तेलको ठूलो भण्डार भएको मुलुक हो र अरब मुलुकमा जस्तै त्यहाँ पनि आफ्नो पिठलगु सरकार स्थापना गर्न पाए अमेरिकालाई निकै फाइदा हुन्छ । हाल खाडीबाट विश्व बजारमा जाने तेलको आपूर्ति निकै हदसम्म रोकिएको छ भने त्यहाँ काम गर्ने नेपाली लगायत लाखौं कामदारहरू पनि असुरक्षित र त्रसित हुन पुगेका छन् । वास्तवमा आउँदा दिनमा यो घटनाले गर्दा खाडीको पर्यटन, व्यापार तथा विशाल हवाई ट्रान्जिट बनेको वास्तविकतामा नै ठूलो हलचल आउने देखिन्छ । कुनै बेला लेवनान र यसको राजधानी बेरुतलाई पश्चिमको हङकङ भनेर चिनिन्थ्यो । तर पछि इजरायल र अरबको युद्धमा लेवनान नराम्ररी ध्वस्त हुन पुग्यो । आज निकै दशक पछि तङ्गिएको लेवनान पुन: ध्वस्त हुने क्रममा छ । हालैका यी युद्ध र अनिश्चितताको कारण विश्वभर सबै प्रकारका यातायातका साधन प्रभावित हुन पुगेका छन् भने मानवजातीको दैनिकी नै अस्तव्यस्त हुँदै गएको छ । विश्व कै पर्यटन उद्योग र एक ठाउँबाट अर्को ठाउँमा आवतजावत गर्ने प्रणालीमा नै वाधा पुग्न थालेको छ । कोभिडको समयदेखि निरन्तरता पाएको वर्क फ्रम होमको अवधारणाले अबका दिनमा शिक्षा, गोष्ठी, बैंकिङ तथा जनप्रशासन र अधिकांश सेवामुखी क्षेत्र र काममा एक प्रकारको क्रान्ति नै ल्याउने देखिन्छ । त्यस्तै हालको उर्जा संकटको कारण धेरै मुलुकहरूले हप्तामा दुई वा तीन दिनसम्म पनि बिदा दिन थालेका छन् र यातायातका साधनलाई पनि जोडी-बिजोडी नम्बर र रङको आधारमा चल्न दिने व्यवस्था मिलाउन थालेका छन् । हाम्रै विशाल छिमेकी राष्ट्र भारतका प्रधानमन्त्री मोदीजीले हालै एक सन्देश मार्फत विश्वमा उर्जा संकटका कारण 'उर्जा लकडाउन' गर्नुपर्ने समय आएको कुरा बताएका छन् । यसरी खाडी राष्ट्रमा अशान्ति र युद्धको बादल मडराउने क्रम जारी रहि नै रह्यो भने निकट भविश्यमा दोहा, दुवई, आबुधावी, मस्कट आदि जस्ता पर्यटकीय र ट्रान्जिट क्षेत्रहरू असुरक्षित भएर ओझेलमा पर्न सक्ने छन् भने भारतको मुम्बई, श्रीलङ्काको कोलम्बो तथा टर्कीको इस्तान्बुलले त्यो स्थान लिन बेर लाग्ने छैन । आजभन्दा करिव चार दशक अघि लेवनानको पतन पछि कोलम्बोले हङकङ र सिंगापुर जस्तै विशेष आर्थिक क्षेत्र र ट्रान्जिट हव हुने अवसर पाएको थियो तर त्यतिबेला श्रीलङ्कामा चलेको तामिल टाइगरको आतङ्क र गृहयुद्धले गर्दा त्यो सम्भव हुन सकेन । हालको उर्जा संकट लामो समयसम्म लम्बिन गयो भने विश्वका कैयन् ठूलासाना विमानसेवाहरू घाटामा जान थालेर आफ्नो जहाज र कर्मचारीको संख्या नै घटाउनु पर्ने हुन सक्नेछ भने विश्वभरका कतिपय उद्योगधन्दा नै धरासायी हुन सक्ने छन् । यति मात्र होइन, इन्धनको अभाव भयो र त्यस माथि इन्धन पाइयो भने पनि भाउ आकाशिने भएकोले यसको प्रभाव सबै क्षेत्रमा पर्न जानेछ । अब विश्वभर खाद्यान्नदेखि सबै प्रकारका वस्तु र सेवाको मूल्य ह्वात्तै बढ्ने र अभाव पनि हुने देखिन्छ र यसको शुरुवात भइ पनि सकेको छ । केही समय अघिसम्म नेपालको इन्धन खपत गर्ने क्षमता ज्यादै कम भएकोले नेपालले स्वदेशमा नै तेलको रिफाइनरी निर्माण गर्ने सोच समेत बनाउन सकेको थिएन । त्यसैले नेपालले खाडी राष्ट्रबाट खरिद गरेको कच्चा तेल भारतको रिफाइनरीमा बुझाएर त्यहाँबाट आफूलाई आवश्यक पर्ने तेलका विविध उत्पादनहरू प्राप्त गर्ने गरेको थियो । नेपाललाई भारतले चार पटक नाकाबन्दीको कहरमा पारीसकेको छ । त्यस्तो बेलामा नेपालीहरू खाना पकाउन समेत काठ, बाँस, निगाला, दाउरा र भुस तथा झारपात र गोल आदिबाट गुजारा चलाउन वाध्य भएर केही समयको निम्ति ढुङ्गे युगमा नै पुग्ने गरेका छन् । यस्तो अवस्थाको सिर्जना निकै पटक भएको भए पनि पछि भारतसँग सम्बन्ध सुद्रिएर वा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ तथा अन्य सबै सामानको आपूर्तिमा सहजता आउने वित्तिकै हाम्रो सरकारले विगतमा पाएका सबै दुखलाई तत्कालै बिर्सने गर्दछ र वैकल्पिक उपायको खोजी कार्य पनि ओझेलमा पर्न जान्छ । आज विश्वभर उर्जा संकट परेर आपतकालीन स्थिति निम्तिरहेको बेलामा नेपालको सरकार र जनता ढुक्कसँग सुतिरहेको आभास भइरहेको छ । हेरौं नयाँ सरकारले के कसो गर्ने छ यो दिशामा । आजको दिनमा आइपुग्दा नेपालमा लाखौं सवारी साधन थपिएको र पेट्रोलियम पदार्थको आवश्यकता पर्ने उद्योगधन्दा र प्राकृतिक ग्यास प्रयोग गर्ने घरधुरीको संख्या पनि ह्वात्तै बढ्न थालेको कारण यहाँ प्राकृतिक इन्धनको आयात वर्षेनी बढ्दै गएको छ भने कुल आयातमा यसको अङ्श अधिकतम छ । सानो भए पनि एउटा तेल रिफाइनरी नेपालमा नै हुनु पर्ने देखिन्छ, तर यो सब कागजमा मात्र सिमित हुने गरेको छ । विद्युत विकासमा नेपालले निकै ठूलो फड्को मारेको र निर्यात गर्ने सम्मको हैसियत राखेको भए पनि विगतको सरकारले विद्युतीय चुलो, विद्युतीय उपकरण तथा अन्य विद्युतीय उर्जा खपत हुने क्षेत्रलाई कुनै प्रोत्साहन दिने काम गरेको छैन भने ती महत्वपूर्ण वस्तुहरूको स्वदेशमा उत्पादन गर्ने कुराको प्रोत्साहन दिने कुरा त भएकै छैन । अर्थात् पेट्रोलियम पदार्थलाई विस्थापन गरेर विद्युतीय उर्जाको खपतलाई मुलुकभित्र व्यापक रूपमा बढाउने तिर खासै ठोस काम भएको देखिँदैन । विद्युतीय सवारी साधनहरू पनि नीजि क्षेत्रकै अगुवाइमा मात्र आज यति लोकप्रिय भएका हुन्। त्यसैले पनि अब बन्ने सरकारले विद्युतीय सवारी साधन, जताततै चार्जिङ सुविधा, विद्युतीय घरायसी उपकरण र मल कारखाना तथा ठूला उद्योगमा पनि विद्युत कै उपयोग गरेर पेट्रोलियम पदार्थको आयातमा ह्वात्तै कमी ल्याउने काम गर्नु पर्दछ । त्यस्तै नेपालमा नै भेटिएको ग्यासको उत्पादन र वितरणलाई प्रभावकारी बनाउन सक्नु पर्दछ । नेपाल एक भूपरिवेष्ठित मुलुक भएकोले समुद्रसँग जोडिएका मुलुकलाई जस्तो वैदेशिक व्यापारमा त्यति सहजता हुँदैन । नेपालले विभिन्न माध्यमबाट आर्जन गरेको विदेशी मुद्राको सदुपयोग गरेर विकास निर्माणमा नै खर्च गर्ने योजना बनाउनु पर्दछ । स्वदेशमा उत्पादित उर्जाको खपत गरेर विदेशबाट आयात हुने पेट्रोलियम पदार्थलाई कम गर्दै लग्नु पर्दछ । पर्यावरणीय प्रदूषण र हिमालयको तापमानलाई नियन्त्रणमा राख्ने सबै उपायको अवलम्बन गर्नु पर्दछ । उर्जा बचाउने अभियानमा विश्वभर चलिरहेका सबै प्रयत्नलाई नेपालले पनि आत्मशात गर्दै अघि बढ्नु पर्दछ । वैकल्पिक उर्जाको विकास र प्रदूषणरहित प्रविधिको प्रयोगलाई बढाउँदै लगेर नेपालले एक उदाहरणीय राष्ट्रको परिचय विश्वलाई दिन सक्नु पर्दछ ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जग बसाउने अवसर मिल्नेछ। कला र साहित्यको क्षेत्रमा रुचि बढ्नेछ। | **तुला** : बोलिको माध्यमले कार्य सिद्ध हुनेछ। स्वास्थ्यमा सुधार आउनेछ। |
| **वृष** : आफ्नो योग्यतामा विश्वास राखेर निर्णय लिनुहोस् सफलता मिल्नेछ। | **वृश्चिक** : विद्यार्थीहरूको तर्कशक्तिमा वृद्धि हुनेछ। आर्थिक पक्ष सबल रहनेछ। |
| **मिथुन** : साहसिक कार्य गर्ने समय रहेको छ। कार्यक्षेत्रमा नयाँ अवसरले पछ्याउनेछ। | **धनु** : व्यवसायमा लगानी बढ्नेछ। काम बन्नेछन्। सम्बन्ध सुमधुर हुनेछ। |
| **कर्कट** : दैनिकी खर्चमा वृद्धि हुनेछ। विद्यार्थीहरूले उपलब्धि हासिल गर्नेछन्। | **मकर** : आध्यात्मिक क्षेत्रमा प्रगति हुनेछ। प्रतिद्वन्दीहरू आफै किनारा लाग्नेछन्। |
| **सिंह** : समाजमा मान प्रतिष्ठा बढ्नेछ। सरकारी क्षेत्रमा पदोन्नतिका योग छन्। | **कुम्भ** : दाम्पत्य जीवन सुमधुर रहनेछ। साझेदारी व्यापारमा लाभ रहनेछ। |
| **कन्या** : कार्यक्षेत्रमा जुठो आरोप लाग्न सक्छ सचेत रहनुहोस्। खर्चका योग छन्। | **मीन** : अधिकारीहरूको समर्थन पाइनेछ। सवारी साधन चलाउँदा सावधान रहनुहोस्। |

# आज विश्व अटिजम दिवस नेपालमा पनि मनाईंदै




**पाल्पा,** चैत १८/विश्व अटिजम दिवस आज नेपालमा पनि विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाईदैछ । संयुक्त राष्ट्रसंघको आह्वानमा सन् २००८ देखि विश्व अटिजम जागरुकता दिवसका रूपमा मनाउन थालिएको हो ।

अटिजमको बारेमा सचेतना दिने र त्यस्तो समस्या भएका बालबालिकाको विशेष स्याहारमा जोड दिंदै संयुक्त राष्ट्रसंघको आह्वानमा हरेक वर्ष अप्रिल २ मा यो दिवस मनाइने गरिन्छ । अटिजमले मानिसको सामाजिक अन्तर्क्रिया, सञ्चार र व्यवहारलाई असर गर्ने भएकाले अटिजम स्पेक्ट्रम डिसअर्डर (एएसडी), एक न्यूरो डेभलपमेन्टल समस्याको रुपमा चिनिन्छ । वयस्क जीवनमा असर नपर्दा छुट्टै सोचको रुपमासमेत लिने गरिन्थ्यो तर पछिल्लो समय स्पेक्ट्रम डिसअर्डरको लक्षणले समस्यामा पारेकोले सचेतनाका लागि जागरुकता दिवस मनाउन थालिएको हो । यस दिवसमा अटिजमको क्षेत्रमा काम गरिरहेका संस्थाहरुले विशेष कार्यक्रमको आयोजना गर्दै आएका छन् । नेपालमा अटिजमबाट गुज्रिरहेकाको यकिन तथ्यांक छैन । विश्वमा यसको संख्या भने साढे दुईदेखि तीन लाखसम्म रहेको बताइन्छ । अटिजम जन्मजात हुने एक विशेष खालको समस्या हो । अटिजमका लक्षण जन्मिएको तीन वर्षभित्र प्रष्ट रुपमा चिन्न सकिन्छ । झट्ट हेर्दा सामान्य अवस्थाकै बालबालिका जस्ता देखिए पनि अटिजम भएका बालबालिकाहरुले अरुलाई वास्ता नगर्ने हुन्छन् । अटिजम भएका बालबालिकामा पनि छुट्टै विशेषता हुन्छ । समयमा नै उपचार गराउन सके उनीहरुको वृत्तिविकासमा सहयोग पुग्ने चिकित्सकहरु बताउँछन् । आमा बुवाको उमेर धेरै भएपछि जन्मिएका बच्चाहरुमा अटिजमको खतरा हुने देखिने गरेको छ । चिकित्सकसँग निरन्तर परामर्शमा रहे अटिजमको रोकथाम गर्न सकिने बताइएको छ । अटिजम भएका व्यक्तीहरुलाई सामाजिक रुपमा घुलमिल हुन, सञ्चारको बिचलन, कल्पना शक्ति कम हुने र व्यवहार गर्नमा कठिनाई, खेलहरु खेल्न नजान्ने जस्ता समस्याहरु देखापर्छन् ।

# पाल्पामा यस वर्ष चार...

...परीक्षा दिनेमा छात्राको संख्या बढी छ । यसवर्ष दुई लाख ५७ हजार ६१३ छात्रा, दुई लाख ५४ हजार ८०१ छात्र र अन्य सात जना परीक्षामा सहभागी हुने छन् । जापानको एक परीक्षा केन्द्रबाट २३ जनाले परीक्षा दिँदै छन् ।

**यस्तो छ परीक्षा तालिका**

चैत १९ गते बिहान ८ बजेदेखि देशभर एकैसाथ सुरु हुने परीक्षाको पहिलो दिन अनिवार्य अङ्ग्रेजी विषयको परीक्षा सञ्चालन हुनेछ भने चैत २० गते अनिवार्य नेपाली, २२ गते अनिवार्य गणित, २३ गते विज्ञान तथा प्रविधि, २४ गते सामाजिक अध्ययन, २५ गते ऐच्छिक प्रथम खण्डका सबै विषय, २६ गते ऐच्छिक द्वितीय खण्डका सबै विषय र चैत २७, २८ र २९ गते प्राविधिक धारका बाँकी विषयहरूको परीक्षा सञ्चालन हुने छ ।

**परीक्षा अनुगमनमा रोक**

बोर्डले यसवर्ष एसइई परीक्षाको सामूहिक अनुगमनमा रोक लगाएको छ । परीक्षा केन्द्र अनुगमनका नाममा विभिन्न सैसङ्गठनका प्रतिनिधि हलमा प्रवेश गर्दा परीक्षा दिइरहेका परीक्षार्थीको लेखन कार्यमा अवरोध पुगेको गुनासो आएपछि बोर्डले सामूहिक अनुगमनमा रोक लगाएको हो । अनुगमनका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन गरिएको जिल्ला परीक्षा समन्वय समितिका आधिकारिक प्रतिनिधिबाट परीक्षा केन्द्रको बाहिर मात्र अनुगमन गर्ने बोर्डले निर्णय गरेको छ । परीक्षा हलभित्र दृश्य छायाङ्कन गरी सामाजिक सञ्जालमा राखेर विद्यार्थीमा विचलन नल्याउन बोर्डले सबैमा आग्रह गरेको छ ।

**उत्तरपुस्तिका परीक्षा केन्द्रमै परीक्षण गरिने**

यस वर्ष उत्तरपुस्तिका देशभरका परीक्षा केन्द्र (सेन्टर) मा नै परीक्षण गरिने भएको छ । राष्ट्रिय परीक्षा बोर्डले परीक्षा सकिएको विषयको उत्तरपुस्तिका ३ दिनभित्र परीक्षा केन्द्रमा नै परीक्षणको व्यवस्था गर्ने निर्णय गरेको हो । अघिल्ला वर्षहरूमा केन्द्रबाट उत्तरपुस्तिका इकाईले संकलन गरी अन्तर जिल्ला र प्रदेशमा परीक्षण गर्ने गरिएको थियो । कुन परीक्षा केन्द्रको उत्तरपुस्तिका कहाँ परीक्षण हुने विषय गोप्य रहने गरेको थियो । त्यसो गर्दा नतिजा प्रकाशन गर्न औसतमा साढे दुई महिनाभन्दा बढी समय लाग्ने गरेको थियो । तर यसपटक शिक्षामन्त्री सस्मित पोखरेलले एक महिनाभित्रै नतिजा प्रकाशन गर्न निर्देशन दिएपछि बोर्डले परीक्षा सेन्टरमा नै उत्तरपुस्तिका परीक्षणको व्यवस्था गर्ने निर्णय गरेको हो ।

# गौतमबुद्ध अन्तरराष्ट्रिय...

यस सम्बन्धमा नेपाल नागरिक उड्डयन प्राधिकरणले आवश्यक नीतिगत तथा प्राविधिक तयारी अघि बढाइएको जनाएको छ । सरकारी तहबाट शीघ्र आवश्यक निर्णय हुने अपेक्षा रहेको महाप्रबन्धक साहले बताए । "अहिले पनि कतार एयरवेजले कतारबाट नभई अन्य मुलुकबाट उडान गरिरहेको छ, हामीले कतार एयरवेजलाई भैरहवाबाट नै 'फिथ फ्रिडम' अनुरुप उडान गर्नेगरी तयारी गरिरहेका छौँ", उनले भने, "यस विषयमा शीघ्र मन्त्रिपरिषद्ले निर्णय गर्नेमा हामी विश्वस्त छौँ ।" उडान संख्या वृद्धि गर्ने अर्को महत्वपूर्ण योजनाअन्तर्गत नेपाल वायुसेवा निगमको एउटा जहाज भैरहवामा 'बेस' राख्ने तयारी गरिएको विमानस्थलका महाप्रबन्धक साहले जानकारी दिए । यसले यहाँबाट अन्तरराष्ट्रिय उडान सञ्चालनलाई नियमित र भरपर्दो बनाउन सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे । रुपन्देही निर्वाचन क्षेत्र नं ४ का प्रतिनिधिसभा सदस्य कन्हैया बनियाँले अबको केही दिनमा नेपाल एयरलाइन्सले भैरहवालाई बेस बनाएर उडान गर्ने बताए । हाल वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको आवागमन सहज बनाउन विभिन्न चार्टर उडान सञ्चालन भइरहेका छन् । कुवेत एयरवेजले कुवेत सिटी-भैरहवा उडानमार्फत नेपालीलाई स्वदेश ल्याइरहेको छ भने साउदी अरबको दमामबाट पनि उडान अनुमति प्रक्रियामा रहेको जानकारी विमानस्थलका महाप्रबन्धक साहले दिए । उनका अनुसार चार्टरसँगै नियमित उडानलाई पनि समान रूपमा प्राथमिकता दिइनेछ । "चार्टर र नियमित दुवै उडानलाई निरन्तरता दिन हामी प्रतिबद्ध छौँ, शीघ्र नियमित उडान थप सुदृढ हुनेछ", उनले भने । उक्त पहलले लुम्बिनी केन्द्रित धार्मिक पर्यटन प्रवर्द्धनका साथै वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकका लागि सहजता ल्याउने विश्वास गरिएको छ । विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन सके क्षेत्रीय आर्थिक गतिविधि वृद्धि हुनुका साथै समग्र पर्यटन उद्योगमा सकारात्मक प्रभाव पर्ने सरोकार भएकाहरूको अपेक्षा छ । *-रासस*

## खेलकुद समाचार

# विश्वकप खेल्ने ४८ वटै टोलीको टुङ्गो लाग्यो



**काठमाडौं,** चैत १८/फिफा विश्वकप खेल्ने ४८ वटै टोलीको टुङ्गो लागेको हो । इराक विश्वकपका लागि छनोट हुने ४८औँ तथा अन्तिम टोली बनेको हो । मेक्सिकोमा भएको अन्तरमहादेशीय प्लेअफमा बोलिभियालाई २-१ गोलले हराउँदै इराक ४० वर्षपछि विश्वकपमा छनोट भएको हो । इराकका अली अल-हमादी र आयमेन हुसेनले गोल गरे । बोलिभियाका मोइसेस पानियागुआले गोल गरे । यसअघि इराक सन् १९८६ मा मेक्सिकोमा भएको विश्वकपमा छनोट भएको थियो । यस्तै चार पटकको विजेता इटाली लगातार तेस्रो संस्करणको विश्वकपमा छनोट हुन असफल भएको छ । इटाली पेनाल्टी शुटआउटमा बोस्निया हर्जगोभिनासँग ४-१ गोलले पराजित भयो । यसैगरी चेक गणतन्त्र २० वर्षपछि, टर्की २४ वर्षपछि, कङ्गो ५२ वर्षपछि विश्वकपमा छनोट भएका छन् । २३ औँ संस्करणको फिफा विश्वकप आउँदो जुन ११ देखि जुलाईसम्म अमेरिका, मेक्सिको र क्यानडामा संयुक्तरूपमा आयोजना हुँदैछ । फिफा विश्वकप पहिलो पटक तीन वटा देशमा हुन लागेको हो । प्रतियोगितामा ४८ वटा टोली १२ वटा समूहमा बाँडिएका छन् ।

## अर्थ/कर्पोरेट समाचार

# बढ्यो हवाई इन्धनको मूल्य




**पाल्पा,** चैत १८/नेपाल आयल निगमले हवाई इन्धनको मुल्य बृद्धि गरेको छ । निगमले एक विज्ञप्ति जारी गर्दै मंगलबारराति १२ बजेदेखि लागू हुने गरी आन्तरिक र अन्तर्राष्ट्रिय दुवै तर्फको उडानमा झन्डै दोब्बर मूल्यबृद्धि गरेको हो ।

निगम सञ्चालक समितिको बैठकले हवाई इन्धन आन्तरिकतर्फ प्रतिलिटर रु एक सय २४ ले बृद्धि गरेको छ । साविकमा प्रतिलिटर एक सय २७ रहेको आन्तरिकतर्फको हवाई इन्धन अब बृद्धिपछि प्रतिलिटर दुई सय ५१ पुगेको छ । यस्तै, हवाई इन्धन अन्तर्राष्ट्रियतर्फ प्रतिकिलोमिटर आठ सय १९ अमेरिकी डलर प्रतिकिलोलिटरले बृद्धि भएको छ । परिमार्जित मूल्य अनुसार काठमाडौँमा प्रतिलिकिलोटर नौं सय ६६ अमेरिकी डलर रहेकोमा बृद्धिपछि अब एक हजार सात सय ८५ अमेरिकी डलर पुगेको छ । अर्को मूल्य समायोजन नगर्दासम्म पेट्रोल, डिजल, मट्टीतेल र खाना पकाउने एलपी ग्यासको भने साविकको मुद्रा मूल्य नै कायम राखिएको निगमले जनाएको छ ।


# हार्दिक बधाई तथा शुभकामना



समिर मान सिंह
अध्यक्ष



रञ्जना कुमारी थापा अर्याल
उपाध्यक्ष (वाणिज्य)



मुक्तिराम जि.सि.
उपाध्यक्ष (उद्योग)



विनायक महर्जन
महासचिव



अमन प्रसाद श्रेष्ठ
कोषाध्यक्ष



सुरेश गोदार
सचिव

उद्योगी व्यवसायीहरुको छाता संगठन पाल्पा उद्योग वाणिज्य संघको गत शनिबार सम्पन्न निर्वाचनबाट हाम्रा शुभेच्छुकहरु समिर मान सिंह संघको अध्यक्ष, वाणिज्य उपाध्यक्षमा रञ्जना कुमारी थापा अर्याल, उद्योग उपाध्यक्षमा मुक्तिराम जिसी, महासचिवमा विनायक महर्जन, कोषाध्यक्षमा अमनप्रसाद श्रेष्ठ, सचिवमा सुरेश गोदार सहित कार्यसमिति सदस्यहरुमा सञ्जय कुमार श्रेष्ठ, विष्णु बहादुर पछाई, विनोद नेपाल, विश्व के.सी, नारायण पछाई, नारायण न्यौपाने, किशोर दर्शन बज्राचार्य, लक्ष्मण रेग्मी, सविन मल्ल,मोहन बहादुर कुवँर, रमेशराज बज्राचार्य, निराकार श्रेष्ठ, विदुर घिमिरे, कमल प्रसाद पाण्डे, जीवन पाण्डेय, दिपक घिमिरे, गंगाराम नेपाल, समत मियाँ, दामोदर गैरे, बालकृष्ण बस्याल, प्रज्वल राज शाक्य र नम्रता खाती निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं ।

**प्रेम मल्ल** — **सचिव** — **एवं** — **मोहन प्रसाद श्रेष्ठ** — **अध्यक्ष**

**तानसेन खानेपानी उपभोक्ता समिति**

**तानसेन,पाल्पा परिवार**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com

डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई